# गरिबी निवारण कोष

(गरिबी निवारण कोष अध्यादेश २०६० र ऐन २०६३ अनुसार स्थापित)


गरिबी निवारण कोष नेपाल २०६०

फोन : ४०३०७००
फ्याक्स : ४०३०७०१
पो.ब.नं. : ९९८५
ई–मेल : info@pafnepal.org.np
वेब : www.pafnepal.org.np

ताहाचल, काठमाडौं
नेपाल ।


प. सं.
च. न. ९६५/०७४/०७५

मिति: २०७४/०८/०७

## गरिबी निवारण कोष
## रिपोर्टिङ्ग तथा राइटिङ्ग फेलोशिप २०१७ सम्बन्धी सुचना

गरिबी निवारण कोषको मिति २०७४/०४/२३ गतेको राष्ट्रिय दैनिक सहित गरिबी निवारण कोषको वेभसाईटमा प्रकाशित सार्वजनिक सूचना बमोजिम 'गरिबी निवारण कोष रिपोर्टिङ्ग तथा राइटिङ्ग फेलोशिप' कार्यक्रमका लागि आवेदन तथा प्रस्ताव माग भएकोमा ५० जना आवेदकहरुबाट प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न गठित समितिले देहाय बमोजिम निर्णयहरु गरेको छ ।

१. 'गरिबी निवारण कोषको रिपोटिङ्ग तथा राइटिङ्ग फेलोशिप' कार्यक्रमको लागि इमेल तथा कार्यालयमा प्राप्त भएका ५० आवेदकहरुले पेश गरेका प्रस्ताव सम्बन्धी कागजातहरु छनौट समिति समक्ष पेश भयो । छनौट समितिले प्रस्ताव ( प्रपोजल) बिना आवेदकको बायोडाटा मात्र प्राप्त भएका आवेदनलाई स्वत अयोग्य ठहर गर्दै अगाडीको मुल्यांकन प्रकृयामा समावेश नगर्ने निर्णय गरेको छ । सार्वजनिक सुचनामा उल्लेख भएअनुसार निवेदन, बायोडाटा र प्रस्ताव पत्र समाबेश नभएका आवेदनहरुको सुची तयार गर्ने ।

२. छनौट प्रकृया पारदर्शि, विश्वसनीय र विवादरहीत बनाउनको लागि आवश्यक दस्तावेज सहित आवेदन दिएका सबैको नामावली सुची कोषको वेबसाइटमा प्रकाशित गरी, आवेदकहरुलाई व्यक्तिगत रुपमा जानकारी गराउने निर्णय गरियो । साथै बायोडाटा र अवधारणा पत्र सहित प्रकृया पुरा गरेका आवेदकहरुलाई अवधारणा र बिषयबस्तु उपर प्रस्तुतिकरण र छलफलको लागि जानकारी गराउने र गरिबी निवारण कोषमा प्रस्तुतीको लागि आमन्त्रण गर्ने ।

३. आवेदकहरुको प्रस्तुतीकरणको मूल्यांकनका लागि निर्णायक समिति सदस्यहरुका साथै आवश्यक परेमा स्वतन्त्र विज्ञहरुलाई पनि समावेश गर्न सकिने । बिषयबस्तुहरुको प्रस्तुतीकरण समेतको आधारमा मात्र पुरस्कृत आवेदकहरुको नामावली प्रस्तुत गरिने छ ।

४. लेखनबृत्तिका लागि निर्णायक समितिद्वारा प्रस्तुती र अवधारणा पत्र समेतको मूल्यांकन गरी बढीमा उत्कृष्ट १५ जनासम्म आवेदकलाई रु. एक लाखका दरले पुरस्कृत गर्ने । प्रस्तावमा कम बजेट उल्लेख गरेकाहरुलाई लेखनको स्तर बृद्धि गर्न लगाउन सकिने समेत ठहर गरियो । यसका साथै काठमाडौं बाहिरबाट आउनु हुने सहभागीहरुको प्रस्तुतीको हकमा खाना, बास तथा यातायात खर्च व्यवस्थापन कोषले गर्नेछ ।

श्रीराम सुवेदी
ज्ञान व्यवस्थापन लिड
एवं प्रबक्ता